निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
मिति :- २०७८/०८/२८

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिको कार्यन्वयनका सम्बन्धमा आयोगद्वारा विभिन्न १० वटा संवैधानिक आयोगसँग आयोजित एक दिवसीय कार्यशाला मिति २०७८/०८/२७ गते काठमाडौंमा सम्पन्न भएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाको अध्यक्षतामा सम्पन्न भएको कार्यशालामा निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले निर्वाचन आयोग सम्बन्धी संवैधानिक व्यवस्था, नेपालको संविधानमा लैङ्गिक तथा समावेशीकरणको व्यवस्था, निर्वाचन सम्बन्धी कानुनी व्यवस्था, आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना, निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ लगायतका विषयहरु समावेश भएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने अन्य विभिन्न संवैधानिक आयोगहरुबाट निर्वाचनमा लैङ्गिक तथा समावेशीता अभिवृद्धिका लागि आ-आफ्ना आयोगबाट भइरहेका गतिविधिहरु र भावी सुधारका सम्वन्धमा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए ।

सबै कार्यपत्रहरु प्रस्तुत भए पश्चात् निर्वाचन आयोगका पदाधिकारीहरुबाट जिज्ञाशाहरुको सम्बोधन गर्नुहुँदै स्वच्छ, स्वतन्त्र, निश्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनका माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय अभिष्ट पूरा गर्न सबै संवैधानिक निकायहरुसँग समन्वय र सहकार्य गर्न आयोग प्रतिवद्ध रहेको वताउनुभयो । कार्यशालामा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त तथा राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग र मधेशी आयोगका अध्यक्षहरु रहनु भएको एक प्यानलिष्ट गठन गरी विभिन्न अन्तरक्रिया, छलफल मार्फत समेत जिज्ञाशाहरुको सम्बोधन गरिएको थियो । कार्यशालामा निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति कार्यन्वयन गर्ने सन्दर्भमा सबै आयोगहरुका तर्फबाट ६ बुँदे साझा प्रतिबद्धता व्यक्त गरिएको थियो ।

२०७८/०८/२८

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

उक्त कार्यशालामा निर्वाचन आयोग, लोक सेवा आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगका पदाधिकारीहरु, निर्वाचन आयोगको सचिवालयका कर्मचारीहरु तथा आयोगको विकास साझेदार संस्थाहरुको समेत सहभागिता रहेको थियो ।

२०६८/०८/२८

शालिग्राम शर्मा पौडेल
(सहसचिव एवम् प्रवक्ता)


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np